नेपाली कन्सुलेट जनरल
जेद्दा, साउदी अरब
Consulate General of Nepal
Jeddah, Kingdom of Saudi Arabia

القنصلية العامة النيبالية
جدة، المملكة العربية السعودية

मिति २०८२/१०/१५

यान्बुमा घुम्ती शिविर सञ्चालन हुने सम्बन्धी सूचना

यस कन्सुलेट जनरलको आयोजना तथा गैर आवासीय नेपाली संघ र स्थानीय नेपाली समुदायको सहकार्यमा साउदी अरबको यान्बु तथा सो वरपरका क्षेत्रहरुमा बसोबास गर्नुहुने नेपाली नागरिकहरुलाई लक्षित गरी देहायबमोजिमको स्थान, मिति र समयमा घुम्ती सेवा शिविर सञ्चालन हुने व्यहोरा सूचित गरिन्छ:

स्थान	मिति र समय	प्रदान हुने सेवा	शिविर स्थल (लोकेसन)
यान्बु	२०८२ फागुन ८ (२०२६ फेब्रुअरी २०) बिहान ९ बजेदेखि बेलुकी ४ बजेसम्म)	• पासपोर्ट नविकरण • पासपोर्ट वितरण • एक्जिट भिसा समबन्धी • श्रमिक सचेतना	Royal Commission SABIC Camp China Camp (चाइना क्याम्प) लोकेशन हेर्न यसमा क्लिक गर्नुहोस।

पासपोर्ट नवीकरणका लागि आवश्यक कागजात र दस्तुर:

१. वारकोड सहितको प्रि-इनरोलमेन्ट फाराम
२. सक्कल पासपोर्ट र सोको फोटोकपी
३. नागरिकताको सक्कल वा फोटोकपी
४. शुल्क: नवीकरणका लागि सा.री. २००/- तथा हराएको/बिग्रिएको पासपोर्टको हकमा सा.री. ३००/-।

शिविर आउनु अघि देहायका कुरामा ध्यान दिनु हुन अनुरोध छ:

१. **एक वर्षभन्दा बढी म्याद भएका पासपोर्ट नवीकरण नगरिने** भएकोले आफ्नो पासपोर्टको म्याद हेरेर मात्र फाराम भर्नु हुन।

२. **शिविरबाट पासपोर्ट लिन** सहज हुने/इच्छुकहरुले कन्सुलेटमा सम्पर्क गरी आफ्नो नयाँ पासपोर्ट लिन चाहेको जानकारी (रसिद वा पासपोर्टको फोटो पेज) कन्सुलेटको WhatsApp नम्वरहरु **(596726707, 583626530, 538502192)** मा पठाउनु हुन।

३. **एक्जिट भिसा फाराम** सम्बन्धी सेवा लिन आउनुहुनेहरुले आफ्नो पासपोर्ट र अकामा कार्डको फोटोकपी सहित आउनु हुन। यस सेवावापत कुनै शुल्क लाग्ने छैन।

४. **पासपोर्ट नवीकरण सम्बन्धी जानकारी तथा फाराम भर्न सहयोगका लागि सम्पर्क नम्बरहरु**
   - कन्सुलेटः **596726707, 583626530, 538502192**
   - गैर आवासीय नेपाली संघ प्रतिनिधि एवम् स्थानिय स्वयंसेवीहरु: श्री अर्जुनदेव राई **(542561692)**, श्री धन गुरूङ **(574709753)**

५. **पासपोर्ट नविकरणका लागि सम्बन्धित मितिको प्रि-इनरोलमेन्ट फाराम https://emrtds.nepalpassport.gov.np/ लिंक मार्फत भरेर आउनु पर्ने छ।** कुनै सहयोगको आवश्यकता परेमा माथी उल्लेख भएका मोबाइल नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ।

ص.ب ٢٤٩٢ جدة ٢٣٦٢٣ - ٨٣٩٤، المملكة العربية السعودية، تليفون: ٦٢٢٥٥٨٣، ٦٢٢٦٦٦٥ - ١٢ - ٩٦٦+، فاكس: ٦٢٢٥٥٣٩ - ١٢ - ٩٦٦+